*Assembly*

सिक्किम विधानसभाले आज वित्त वर्ष 2024-2025 का लागि पहिलो अनुपूरक अनुदान मांग र यससम्वन्धी विनियोग विधेयकलाई सर्वसम्मतिले पारित गरेको छ। एक दिवसीय बैठकमा सदनको आज पछिल्ला बैठकहरूमा प्रस्तुत गरिएका पाँचवटा संशोधन विधेयक लगायत जम्मा नौवटा विधेयकहरू पनि पारित गरयो। यी मध्ये सिक्किम नगरपालिका संशोधन विधेयक 2025 अनुसार राज्यमा स्थानीय शहरी निकायको चुनाउ फेरि पार्टीगत आधारमा हुनेछ। आज पारित भएका अन्य विधायकहरू हुन सिक्किम मोटर यान कराधान संशोधन विधेयक महात्मा गान्धी विश्वविद्यालय सिक्किम संशोधन विधेयक, ट्रिडेन्ट एप्पलाइड साइंसेस विश्विद्यालय, स्वास्तिक विश्वविद्यालय सिक्किम विधेयक, श्री भेङकटेश्वर विश्वविद्यालय विधेयक, सिक्किम, सिक्किम मोडल स्कूल विधेयक र सिक्किम लोक मांग वसूली संशोधन विधेयक 2025। बैठकमा विभिन्न विभाग र आयोगका वार्षिक प्रतिवेदन पनि प्रस्तुत गरियो। पछि धन्यवाद ज्ञापन गर्दै सदनका नेता तथा मुख्यमन्त्री प्रेमसिंह तामाङले भन्नुभयो सिक्किम क्रान्तिकारी मोर्चा एस के एम पार्टीको सरकार राज्यमा एकता, शान्ति र साम्प्रदायिक सदभावना कायम राख्न प्रतिवध्द छ। आफ्नो सरकारले शुरूदेखिनै राज्यमा जातीय एकता तथा सदभावनाका निम्ति काम गरिरहेको दावी गर्दै उहाँले सिक्किमलाई जातजातमा विभाजन हुन नदिने कुरो बताउनुभयो। श्री तामाङले भन्नुभयो राज्य सरकार छुटेका बाह्र जात गोस्ठीलाई जनजातिको मान्यता प्रदान गर्न कृतसंकल्प छ। धन्यवाद प्रतावमा भाग लिँदै मन्त्रीहरू अरूण उप्रेती र राजुबस्नेत अनि विधायक कला राईले भर्खरै देशको एउटा रास्ट्रिय सञाचार गृहले मुख्यमन्त्री प्रेमसिंह तामाङलाई दोस्रोपल्ट देशकै सर्वाधिक लोकप्रिय मुख्यमन्त्री चयन गरेकोमा बधाई दिनुभयो। पछि राज्यविधानसबा अध्यक्ष श्री मिङमा नर्बू शेर्पाले सदनको बैठक अनिश्चितकालका लागि स्थगित भएको घोषणा गर्नुभयो।

*BJP Delegation Meets Governor*

प्रदेश भारतीय जनता पार्टीका अध्यक्ष श्री डी आर थापाको नेतृत्वमा पार्टीको शिसटमण्डलले आज राजभवनमा राज्यपाल ओमप्रकाश माथुरसित भेट गरयो। बैठकमा पार्टीका सदस्यहरूले केन्द्र सरकारद्वारा शुरू गरिएका विभिन्न कल्याणकारी योजनाहरू र सिक्किमका मानिसहरूको नितमा यसको प्रभावशाली कार्यान्वयनबारे चर्चा गरे। राज्यपालले शिस्टमण्डललाई राज्यमा केनद्रीय योजनाहरूको सफल कार्यान्वियन सम्वन्धमा मार्गदर्शन गर्नुभयो।

*Self Defence*

बेटी बचाओ बेटी पढ़ाओ अभियानको दशौ वर्षगाँठको अवसरमा आज पाकिमको पायेमा महिलाहरूका लागि आत्मरक्षा प्रशिक्षण कार्यक्रम आयोजित भयो। कौशल बिकास पहल अन्तर्गत आयोजना गरिएको कार्यक्रममा बालिका सुरक्षा, महिला हेल्पलाइन, बालिका हेल्पलाइन, मासिकधर्म स्वच्छता र बालिका शिक्षाको महत्वबारे अवगत गराइयो। यसमा अन्तर्रास्ट्रिय किकबक्सिङ च्याम्पियन सुश्री फुर डिक्की शेर्पाले सहभागीहरूलाई स्वरक्षा सम्बन्धी प्रशिक्षण दिनुभयो। उहाँले महिलाहरूको रक्षा तथा उत्थानका निम्ति यस प्रकारको कार्यक्रम आवश्यक रहेको उल्लेख गर्नुभयो।

*EarthQuake*

सिक्किम राज्यको उत्तर पश्चिम क्षेत्रमा आज दिउँसो तीन बजेर एकचालिस मिनट जाँदा भूँइचालोको हलुका झटका अनुभव गरियो। चार दशमलऊ नौ तीव्रता रहेको भूकम्पको केन्द्रविन्दु तादोङ देखि लगभग एकसय बात्तर किलोमिटर टाढा थियो। भूइँचालोले कुनै क्षति पुऱ्याएको रिपोर्ट छैन।

*Meeting*

उत्तर सिक्किममा हिजो मुसलधारे पानी परेकाले फिदाङ र जंगुलाई जोड़ने फी खोला पूल भत्किएको हुँदै स्थानीय मानिसहरूले समस्याको सामना गर्नुपरिरहेछ। यो भत्किएको पुलको पुनर्निर्माणबारे विचारविमर्श गर्न फी खोलामा आज एउटा महत्वपूर्ण बैठक बस्यो। यसमा ग्रेफका अधिकारीहरूले मरम्मति कार्य शुरू भइरहेको जानकारी दिनका साथै तीन महीना भित्रमा यो कार्य पूरा हुने आश्वासन दिए। स्थानीय प्रशासन र सम्वन्धित विभागहरूले पुल मरम्मति कार्य समयमा पूरा भएको सुनिश्चित गर्न कामको प्रगतिको देखरेख गरिरहेछन्।

*Weather*

राज्यका उच्च स्थानहरूमा हिउँ परेको र केही ठाउँहरूमा दिउँसो असिना पानी परेकाले जाड़ोको प्रकोप निकै बढ़ेको छ। जाडोको गर्दा जनजीवन आंशिक रूपले प्रभावित भएको छ। मानिसहरू घरभित्रै बस्न वाध्य भएका छन्। यसैवीच स्थानीय मौसम विज्ञान विभागले भोलि गान्तोक र वरपर क्षेत्रमा अधिकतम तापमान तेह्र डिग्री सेल्सियस र न्यूनतम तापमान आठ डिग्री सेल्सियलस रहने पूर्वानुमान गरेको छ। आज अधिकतम तापमान तेह्र दशमलउ सात डिग्री सेल्सियस र न्यूनतम तापमान आठ दशमलउ छ डिग्री सेल्सियस रेकार्ड गरियो।